# चुमनुब्री गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय, सिर्दिवास गोरखा ।

# नमस्कार तथा हार्दिक स्वागत

आ व २०८१।८२ को पहिलो चौमासिक सार्वजनिक सुनुवाईको अवसरमा,,गाउँपालिकाको प्रगती विवरण एवं आ व २०८०।८१ को समिक्षा

मिति २०८१।०६।१० गते

प्रस्तोता

मनोज लामिछाने

प्रमुख प्रशासकीय अधिकृत

# आ व २०८०।८२ को यथार्थ आय व्ययको विवरण

- कुल बजेट रू ४२ करोड २५ लाख ४ हजार
- कुल चालु बजेट रू २५ करोड ९७ लाख ४ हजार
- कुल पूँजीगत बजेट रू १६ करोड २८ लाख
- कुल खर्च रू २५ करोड १५ लाख (५९.७ प्रतिशत)
- कुल चालु खर्च रू १५ करोड ९८ लाख (६१.१ प्रतिशत )
- पूँजीगत खर्च रू ९ करोड १७ लाख (५७.४ प्रतिशत)

# आ व २०८०।८१ को आयतर्फ

- आन्तरिक आय
  - जम्मा अनुमान १८ लाख ५६ हाजर १ सय मात्र
  - यथार्थ संकलन भएको रू २७ लाख ४ हजार मात्र (१४५.६८ प्रतिशत )

# आ व २०८०।८१ को योजनागत विवरण

| क्र सं | वडा नं | योजना संख्या | सम्झौता भएका | सम्पन्न | भुक्तानी बाँकी | कार्यान्वयन नभएका |
|---|---|---|---|---|---|---|
| १ | १ | ३ | ३ | १ | २ | |
| २ | २ | ९ | ९ | ९ | | |
| ३ | ३ | १५ | १४ | १३ | १ | १ |
| ४ | ४ | ४ | ४ | ४ | ० | |
| ५ | ५ | २ | २ | २ | ० | |
| ६ | ६ | ४ | ४ | ०४ | ० | |
| ७ | ७ | ६ | ६ | ६ | ० | |

# आ व २०८०।८१ को योजनागत विवरण

- पालिकास्तरीय (संघीय र प्रदेश अनुदान सहित)
  - योजना कुल २० वटा
  - सम्झौता भएका १९ वटा
  - सम्पन्न भई भुक्तानी भएका १७ वटा
  - म्याद थप भएका २ वटा

# आ व २०८०।८१ को योजनागत विवरण

- विपदमा १७ वटा विपद व्यवस्थापनका कार्यमा १४ वटा योजनाको विपद् व्यवस्थापन कोषबाट रू ३५ लाख भुक्तानी दिईसकिएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत : कुल बजेट ७७ लाख हजार र कुल खर्च ६६ लाख मात्र

| सि नं | वडा नं | सञ्चालित योजना | भुक्तानी भएको रकम रू |
|---|---|---|---|
| १ | २ ल्हो | लिहि गाउँ ग्याविन भर्ने योजना | ८ लाख ७८ हजार |
| २ | ३ सिर्दिवास | गुम्बा खोलामा ग्याविन भर्ने योजना | १३ लाख ५ हजार |
| ३ | ४ प्रोक | नामरूङ खोला ग्याविन भर्ने योजना | ५ लाख ३९ लाख |
| ४ | ५ विहि | विहि गाउँ गोरेटो बाटो निर्माण योजना | १४ लाख ११ हजार |
| ५ | ६ चुम्चेत | चुम्लिङ भवनका लागि जग्गा सम्माउने योजना र लोक्पा गोरेटो बाटो निर्माण योजना | १६ लाख ७ हजार |
| ६ | ७ छेकम्पार | स्यार खोला ग्याविन भर्ने योजना | ७ लाख ९५ हजार |

# आ व २०८१।८२ को बजेट तथा कार्यक्रम

- कुल बजेट रू ४० करोड ६६ लाख ९६ हजार ४ सय
- चालु तर्फ रू २५ करोड ९६ लाख ५६ हजार ४ सय
- पुँजीगत तर्फ रू १५ करोड ७० लाख ४० हजार (कुल बजेटको ३८.६१ प्रतिशत)

- हालसम्मको खर्च
- चालु तर्फ कुल बजेटको १ प्रतिशत
- पुँजीगत तर्फ कुल बजेटको ०.६ प्रतिशत

# आ व २०८१।८२ का मुख्य कार्यक्रम

- पालिकाको प्रशासकीय भवन निर्माण
- दोश्रो आवधिक योजना निर्माण तथा पालिका प्रोफाईल निर्माण
- आन्तरिक आय वृद्धि गर्न राजश्वका नयाँ स्रोत परिचालन
- कृषि तथा स्वास्थ्यलाई प्राथमिकता
- विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक व्यवस्था मिलाईने
- नयाँ ट्रकिङ रूट निर्माण पाङसिङ छिहि देखि नेडोल्मा जाने
- चुम्लिङ  विद्यालयमा आवसिय भवन निर्माण
- छाक क्वाक स्वास्थ्य संस्था भवन निर्माण गरिने
- प्रदेशसँग समन्वय गरी न्याकचेत फिलिम चिसापानी सडक निर्माण गरिने
- स्थानीय पुर्वाधार विभागसँग समन्वय गरी बुढिगण्डकी नदिमाथि फिलिम जोड्ने मोटरेबल पुल निर्माण गरिने छ
- बेनीघाट लार्के सडक नयाँ ट्र्याक निर्माणका लागि बजेट थपका लागि पहल गरी निर्माण कार्यलाई अघि बढाउन समन्वय गरिने
- सिर्दिवास छेकम्पार मोटरबाटो निर्माणका लागि आवश्यक पहल गरिनेछ।

# आ व २०८१।८२ मा वडा नं ३ मा सञ्चालन हुने योजना

| | | |
|---|---|---|
| | चुमनुव्री गाउँपालिकावडा नं.३ | |
| सि नं | योजनाको नाम | बजेट हजारमा |
| 1 | फ्राक्पा कानी क्युवाङ नाक्पागङ पिसिसि बाटो निर्माण | १०,०० |
| 2 | पाङसिङ छिही देखी रुक्जङ हुँदै उदेजुङ नेडोल्मा पर्यटकीय पदमार्ग लागत साझेदारी रकम थप | ३०,०० |
| 3 | पाङसिङ छिही देखी रुक्जङ हुँदै उदेजुङ नेडोल्मा पर्यटकीय पदमार्ग लागत साझेदारी रकम थप | ३०,०० |
| 4 | दाकु लेवाङ खोला काठेपुल तथा बाटो निर्माण योजना | १,५० |
| 5 | नोमा खोला पूल निर्माण | १२,०० |
| 6 | जगत माने निर्माण, बाटो चौतारा व्यवस्थापन योजना | १०,०० |
| 7 | ब्रातुङ खानेपानी तथा पशुचरण कुवा निर्माण | १,०० |
| 8 | पाती ओखर डाँडा खानेपानी तथा सार्वजनिक धारासहितको पौवा निर्माण | ८,५० |
| 9 | न्याकफेदी गमबुढी खानेपानी निर्माण योजना | ८,०० |
| 10 | पाङ्गसिङ्ग खानेपानी निर्माण क्रमागत | २८,०० |
| 11 | नाक्चेत ढल व्यवस्थापन योजना | ६,०० |
| 12 | पाती डम्पिङ साइट निर्माण | ५,०० |
| 13 | घट्टेखोला ढल व्यवस्थापन योजना | ६,०० |
| 14 | पामु इन्सुनेटर सहितको डम्पिङ साइट निर्माण योजना | १,७० |
| 15 | सल्लेरी ढल व्यवस्थापन योजना | ६,०० |
| 16 | सानो फिलिम डम्पिङ साइट निर्माण | १,७० |
| 17 | फिलिम आरन घर निर्माण योजना | ६,०० |
| 18 | साम्दुक छोलिङ गुम्बा झ्यालढोका तथा फर्निचर व्यवस्थापन योजना | १०,०० |
| 19 | पाङ्गसिङ्ग विद्यालय फर्निचर व्यवस्थापन | ६,५० |
| 20 | वडा न. ३ को प्रशासकीय भवन निर्माण क्रमागत | १०,०० |
| 21 | वडा न. ३ को प्रशासकीय भवन निर्माण क्रमागत | २०,०० |
| 22 | पाती चर्च किचन घर निर्माण | ५,०० |
| 23 | न्याक गुम्बा लामा बस्ने घर निर्माण | १०,०० |
| 24 | न्याक गुम्बा लामा बस्ने घर निर्माण | १०,०० |
| 25 | मल्लगर्म घुम्ती गोठ निर्माण योजना | ८,०० |
| 26 | कानी कटुवाल चोक प्रतिक्षालय घर निर्माण योजना | ४,०० |
| 27 | फिलिम चर्च निर्माण योजना क्रमागत | १०,०० |
| 28 | आ व २०८०/०८१ को भुक्तानी बाकी योजना | ३२,०० |
| | जम्मा | २ करोड ८२ लाख |

# आ व २०८०।८१ मा सेवा प्रवाह सम्बन्धी

- पालिकाबाट कुल सिफारिस संख्या ४५१
- सामाजिक सुरक्षा भत्ता वितरण
  - कुल लाभग्राही २०८१ असार मसान्त सम्म ११०७ जना।
  - कुल भुक्तानी भएको रकम रू ४ करोड ५२ लाख ५१ हजार १ सय मात्र।

# सेवा प्रवाह सम्बन्धी

- यस गाउँपालिका अन्तर्गत वडा नं ३,५,४,२ र १ का विभिन्न स्थानमा बजार अनुगमन गरि म्याद गुज्रिएका मालसामान नष्ट गरिएको, व्यवसाय दर्ता गरि सञ्चालन गर्न निर्देशन दिईएको, फोहोरमैला नियन्त्रण तथा व्यवस्थापनका लागि सचेतना फैलाईएको समग्रमा उपभोक्ता हित संरक्षणमा टेवा पुगेको ।
- उद्यम विकास शाखा अन्तर्गत
  - सामाजिक परिचालन कार्यक्रम सम्पन्न, लाभान्वित संख्या ६७ जना, स्थान वडा नं ३ एक्लेभट्टी, पाङसिङ र सर्स्यू, ४ प्रोक र ६ चुम्चेत र चुम्लिङ
- उद्यमशिलता विकास तालिम, लाभान्वित संख्या ६७ जना,स्थान वडा नं ३ एक्लेभट्टी, पाङसिङ र सर्स्यू, ४ प्रोक र ६ चुम्चेत र चुम्लिङ
- प्राविधिक सिप विकास तालिम, सञ्चालन भएको र उपयुक्त प्रविधिमा पहुँच कार्यक्रम सम्पन्न भएको ।
- उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत ७ दिने नेतृत्व तथा भाषणकला तालिम र ३० दिने बख्खु बुन्ने तालिम सम्पन्न भएको

# सेवा प्रवाह सम्बन्धी

- कृषि शाखा अन्तर्गत
  - मौरीपालन तालिम : लाभान्वित संख्या ३०, जना स्थान वडा नं ३ फिलिम, आगा, सर्स्यु र फाक्पा
  - तरकारी नर्सरी व्यवस्थापन तालिम : लाभान्वित संख्या ७०, जना स्थान वडा नं ५ विहि, वडा नं ४ प्रोक, वडा नं ६ लोक्पा, वडा नं ३ आगा र फाक्पा
  - बमौसमी तथा मौसमी तरकारी खेती तालिम, लाभान्वित संख्या १५ जना, स्थान वडा नं सर्स्यू
  - कृषि औजार खरिद तथा ढुवानी कार्यक्रम : लाभान्वित संख्या ६ जना, स्थान वडा नं ३ आगा सर्स्यु फिलिम र भालुवाङ, वितरण गरिएको औजार : कर्न सेलर र सिकेचर
  - उन्नत जातको गहुँ विउ वितरण
  - ग्रिन हाउस खेती कार्यक्रम
  - दाँते ओखर वेर्ना वितरण
  - स्याउ वेर्ना वितरण
  - आलु पकेट जोन प्रवर्द्धन कार्यक्रम, विभिन्न तरकारी खेती तालिम तथा बिउ वितरण कार्यक्रम

# सेवा प्रवाह सम्बन्धी

- स्वास्थ्य शाखा अन्तर्गत
  - प्रदेश स्वास्थ्य सुचकांकमा यस अघि ८३ औ स्थानमा रहेकोमा हाल स्वास्थ्य क्षेत्रमा प्रगती गर्दै ४६ औ स्थानमा आउन सफल भएका छौ ।
  - खोप सेवा अन्तर्गत क्याटागोरी पहिलो स्थानमा रहेका छौ
  - सम्भव नेपाल संस्थाबाट एम्बुलेन्स प्राप्त गरी हाल सेवा प्रवाह गरिरहेका छौ ।
  - गर्भवती महिलाको निशुल्क हेली उद्धार सेवा प्रदान गरिएको
  - बर्थिङ सेन्टर विस्तार तथा सामाग्री वितरण गरी सुविधा सम्पन्न गराईएको
  - पोसिलो झोला कार्यक्रम सञ्चालन भई सुत्केरी हुने महिलाहरूलाई २४ घण्टा सम्म स्वास्थ्य संस्थामै निगरानीमा राखी सेवा उपलब्ध गराईएको ।
  - अघिल्लो आ व बाट टोल टोलमा स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरि नियमित रूपमा स्वास्थ्य जाँच गरी औषधी वितरण गरीएको
  - गर्भभती महिलाको गाउँकै स्वास्थ्य संस्थाबाट ग्रामिण अल्ट्रसाउण्डको सेवा प्रवाह गरिएको छ
  - न्युनतम स्वास्थ्य मापदण्ड बमोजिम सेवा सुनिश्चित गर्न आवश्यक सामाग्रीहरू व्यवस्थापन गरिएको
  - सुत्केरी महिलाहरूलाई नेपाल सरकारले दिने रू ३००० अतिरिक्त पालिकाबाट रू १२०० प्रदान गरेका छौँ।

# सेवा प्रवाह सम्बन्धी

- प्रशासन शाखा अन्तर्गत भएका सुशासन कायमका प्रयासहरू
  - यस अवधिमा १६ वटा ऐन नियम, निर्देशिका तथा कार्यविधि, निर्माण भएका छन ।
  - गाउँपालिकाको O/M सर्भे सम्पन्न भएको छ
  - मध्यकालिन खर्च संरचना निर्माण गरी गाउँसभाबाट पारित गरिएको छ
  - आन्तरिक आय वृद्धि गर्न पालिकाको एक्साभेटर परिचालन गरिएको, जडिबुटि छुट पुर्जीबाट आउने राजश्व संकलन भएको भने हाल मनास्लु संरक्षण क्षेत्रमा आउने विदेशी पर्यटकसँग रू १००० र नेपाली पर्यटकसँग रू २०० पदयात्रा शुल्क संकलन गर्ने गरिएकोमा असोज ९ गते नेपाली ३८ जना र विदेशी २२६ जना गरी जम्मा रू २ लाख ३३ हजार ६ सय रूपैंया राजश्व संकलन भएको छ ।
  - एक वडा एक जना वडा सचिव र वडा प्राविधिकको व्यवस्था छिट्टै मिलाउनेछौँ ।

# सेवा प्रवाह सम्बन्धी

- पशु सेवा शाखा अन्तर्गत
  - लम्पी स्किन रोग महामारी विरूद्धको खोप अभियान सम्पन्न भएको ।
  - पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालनको चरणमा रहेको
  - घुम्ति गोठ सामाग्री वितरण
  - पुशु स्वास्थ्य सम्बन्धी औषधीजन्य सामाग्रीहरू निशुल्क वितरण गरिएको ।
  - पुर्ण पशु खोप कार्यक्रम सञ्चालनरत रहेको छ ।

  - कठिन तथा ठुलो भुगोल, यातायात तथा सञ्चारको सर्वसुलभ पहुँचको अभाव, पालिकामा न्यून कर्मचारी तथा कर्मचारी टिकाई राख्न नै चुनौती रहेको वर्तमान परिप्रक्ष्येमा पालिकाले कतिपय अवस्थामा आशातित रूपमा नागरिक सन्तुष्टि हासिल हुने गरी सेवा दिन सकिएको भने छैन खासगरी वडा सचिव तथा प्राविधिक कर्मचारी संख्या अत्यन्तै न्यून रहेको र हाम्रो विषम भुगोल ले पालिकाबाट प्रवाह हुने सेवा तथा विकास निर्माणका कार्यहरू प्रभावित भने भएका छन । रिक्त तथा अपुग कर्मचारी प्रदेश लोकसेवा आयोगबाट माग गरिसकिएको छ भने भर्ना प्रक्रियामा रहेकोले नयाँ कर्मचारी आउने क्रममा रहेको छ । सडक सञ्जाल दिगो र कर्मचारी पदपुर्ति भएमा सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरू अझ प्रभावकारी हुने प्रतिवद्धता व्यक्त गर्दछौ ।

# पूँजीगत बजेट खर्चका चुनौतीहरू

- भौगोलिक रूपमा विकट तथा १६३६ वर्ग किमि ठुलो भुगोलले गर्दा विकास निर्माणका कार्य अपेक्षितरूपमा प्रभावकारी नहुनु
- दिगो सडक सञ्जालको अभावले निर्माण सामाग्री ढुवानीमा कठिनाई रहनु
- कतिपय वडामा हिमपात लगायतका मौसमी चुनौतीहरूले गर्दा योजना सम्झौता भएतापनि मौसमी रूपमा मात्र काम हुनु
- अघिल्लो वर्ष विविध कारणवश पालिका भवनको निर्माण कार्य र सवारी साधन खरिद नभएको कारण
- गाउँपालिका केन्द्र तथा वडाहरूमा सडक सञ्जाल नजोडिएको हुँदा आशातित रूपमा  बजेट तथा कार्यक्रम सञ्चालन गर्न चुनौती रहनु
- भौगोलिक रूपमा विकट तथा विषम रहेको हुँदा कर्मचारी संख्या न्यून रहनु तथा कर्मचारी टिकाई राख्नु नै ठूलो चुनौतीको रुपमा रहेको
- लागत साझेदारी युक्त पुँजीगत कार्यक्रममा लाभान्वित समुहको चासो नहुनु
- विनियोजित बजेट र सम्पादित कार्यको फाईनल बिलमा अन्तर भएकोले पनि कार्य सम्पन्न भएता पनि खर्च प्रतिशत कम देखिनु

# अबको बाटो

- सम्झौता भएका योजनाहरूमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई छिटो कार्य सम्पन्न गर्न समन्वय तथा निरन्तर अनुगमनको खाँचो
- सडक सञ्जाललाई दिगो र भरपर्दो बनाउनु पर्ने
- संरक्षण क्षेत्र रहेका कारण भएका जटिलतालाई समाधान गर्नु पर्ने ।
- कतिपय वितरणमुखी प्रकारका कार्यक्रम सञ्चालन गर्न कानुनी तथा प्रक्रियागत जटिलता रहेकोले बजेट निर्माण गर्दा नै कार्यान्वयन सुयोग्य योजना छनोट गर्नु पर्ने
- प्राविधिक कर्मचारीको अभावलाई पूर्ती गरिनु पर्ने
- जनप्रतिनिधिहरूले आ-आफ्नो वडामा रहेका योजनाहरू सम्पन्न गर्न निरन्तर समन्वय तथा सहकार्य गर्नु पर्ने
- र अन्तमा गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम सञ्चालन तथा सम्पन्न गर्ने धेरै चुनौतीका बाबजुद पनि सम्पुर्ण कार्यपालिका तथा कर्मचारीहरू निरन्तर रूपमा खटिई रहने र आ व २०८१।८२ को बजेट खर्च लक्ष्यअनुरूप नै हुने प्रतिबद्धता व्यक्त गर्दछु साथै सरोकारवालहरूले उठाएका प्रश्न एवं गुनासोलाई आगामी दिनमा क्रमश लागु गर्दै चुमनुब्री गाउँपालिकालाई समृद्ध र समन्नत बनाउन समग्रमा जनप्रतिनिधि र कर्मचारी टिम निरन्तर खटिने बेहोरा अनुरोध गर्दछु ।

# धन्यवाद

## सम्पूर्ण सरोकारवालाहरूको
## सल्लाह,सुझाव तथा सिर्जनात्मक
## रायको अपेक्षा